शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवालय गाउँपालिका
कार्य सर्त
(Terms of Reference – ToR)

# "शिवालयको चिनारी" कक्षा १—४ स्थानीय पाठ्यपुस्तक लेखन, सम्पादन तथा डिजाइन कार्य

## १. पृष्ठभूमि

शिवालय गाउँपालिका ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण तथा स्वीकृत गरिसकेको छ। उक्त स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि स्थानीय विषय अन्तर्गत "शिवालयको चिनारी" नामक पाठ्यपुस्तक निर्माण आवश्यक भएको हुँदा आर्थिक वर्ष २०८२/०८३ मा प्रारम्भिक चरणअन्तर्गत कक्षा १ देखि ४ सम्मका पाठ्यपुस्तक लेखन, सम्पादन, डिजाइन तथा प्रकाशनपूर्व तयारी कार्य सेवा खरिद प्रक्रियामार्फत सम्पन्न गर्न यो कार्य सर्त (ToR) तयार गरिएको हो।

## २. उद्देश्य

यस कार्यको मुख्य उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

१. स्वीकृत स्थानीय पाठ्यक्रमअनुसार कक्षा १—४ का लागि "शिवालयको चिनारी" पाठ्यपुस्तक तयार गर्नु।
२. स्थानीय इतिहास, भूगोल, संस्कृति, भाषा, कला, कृषि, पर्यटन, जैविक विविधता तथा सामाजिक—सांस्कृतिक पक्ष समेटिएको स्थानीय सामग्री विकास गर्नु।
३. बालमनोविज्ञान तथा विद्यार्थीमैत्री सिद्धान्तअनुरूप चित्रसहितको पाठ्यसामग्री विकास गर्नु।
४. स्थानीय परिवेशमा आधारित सिकाइ सहजीकरणलाई प्रभावकारी बनाउनु।
५. अभ्यास, परियोजना कार्य तथा मूल्याङ्कन प्रणालीसहित गुणस्तरीय पाठ्यपुस्तक विकास गर्नु।

## ३. कार्यक्षेत्र (Scope of Work)

सेवा प्रदायक/परामर्शदाताले निम्न कार्यहरू सम्पन्न गर्नुपर्नेछः

### ३.१ पाठ्यवस्तु विकास

- स्वीकृत स्थानीय पाठ्यक्रमको अध्ययन तथा विश्लेषण गर्ने।
- कक्षा १—४ का लागि विषयवस्तुको संरचना तथा ढाँचा तयार गर्ने।
- सिकाइ उपलब्धिअनुसार पाठ, अभ्यास तथा परियोजना कार्य विकास गर्ने।
- स्थानीय मौलिकता झल्कने सामग्री समावेश गर्ने।

### ३.२ पाठ्यपुस्तक लेखन तथा डिजाइन

- कक्षा १, २, ३ र ४ का छुट्टाछुट्टै पाठ्यपुस्तक तयार गर्ने।
- सरल, बालमैत्री तथा कक्षाअनुसार उपयुक्त भाषा प्रयोग गर्ने।
- अधिकतम चित्र, तालिका, गतिविधि तथा अभ्यास समावेश गर्ने।
- परियोजना कार्य तथा मूल्याङ्कन विधि समावेश गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

- समावेशी, लैङ्गिक समानता तथा बालअधिकारमैत्री सामग्री समावेश गर्ने।
- पाठ्यपुस्तकको डिजाइन, लेआउट तथा चित्र व्यवस्थापन गर्ने।

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमा जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

३.३ सम्पादन तथा परिमार्जन

- विज्ञ समूहबाट प्राप्त सुझावका आधारमा आवश्यक सुधार गर्ने।
- भाषा सम्पादन, प्राविधिक सम्पादन तथा अन्तिम प्रुफ रिडिङ गर्ने।

३.४ अन्तिम प्रतिवेदन तथा हस्तान्तरण

- सम्पूर्ण पाठ्यपुस्तकको Soft Copy तथा Hard Copy गाउँपालिकालाई उपलब्ध गराउने।
- सम्पादनयोग्य फाइलहरू (MS Word/InDesign/PDF) उपलब्ध गराउने।

४. पाठ्यपुस्तकको न्यूनतम मापदण्ड

| कक्षा | न्यूनतम पृष्ठ संख्या | न्यूनतम शब्द संख्या | अन्य समावेश गर्नुपर्ने विषय |
|---|---|---|---|
| १. | १०० पृष्ठ | ४०,००० शब्द | अधिकतम चित्र, अभ्यास, परियोजना कार्य, मूल्याङ्कन विधि |
| २. | १०० पृष्ठ | ४०,००० शब्द | अधिकतम चित्र, अभ्यास, परियोजना कार्य, मूल्याङ्कन विधि |
| ३. | १२० पृष्ठ | ५०,००० शब्द | अधिकतम चित्र, अभ्यास, परियोजना कार्य, मूल्याङ्कन विधि |
| ४. | १२० पृष्ठ | ५०,००० शब्द | अधिकतम चित्र, अभ्यास, परियोजना कार्य, मूल्याङ्कन विधि |

५. अपेक्षित उपलब्धि (**Deliverables**)

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १. | कक्षा १ को पाठ्यपुस्तक | १ प्रति |
| २. | कक्षा २ को पाठ्यपुस्तक | १ प्रति |
| ३. | कक्षा ३ को पाठ्यपुस्तक | १ प्रति |
| ४. | कक्षा ४ को पाठ्यपुस्तक | १ प्रति |
| ५. | सम्पादनयोग्य Soft Copy तथा Editable File | पूर्ण |
| ६. | अन्तिम प्रतिवेदन | १ प्रति |

६. लागत तथा बजेट सीमा

पाठ्यपुस्तक निर्माण (लेखन, टाइपिङ्ग, चित्र संकलन तथा निर्माण, डिजाइनिङ्ग, विषयवस्तु तथा भाषा सम्पादन समेत) कार्यका लागि अधिकतम बजेट सीमा देहायबमोजिम हुनेछ:

| कक्षा | अधिकतम रकम (भ्याट सहित) |
|---|---|
| कक्षा १ | रु. १,४०,००० |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | |
|---|---|
| कक्षा २ | रु. १,४५,००० |
| कक्षा ३ | रु. १,५०,००० |
| कक्षा ४ | रु. १,६५,००० |
| जम्मा | रु. ६,००,००० |

७. कार्य अवधि

सम्झौता भएको मितिले बढीमा ४५ (पैतालिस) दिनभित्र सम्पूर्ण कार्य सम्पन्न गरिसक्नुपर्नेछ।

८. सेवा प्रदायक/विज्ञ टोलीको योग्यता

सेवा प्रदायक/परामर्शदाता वा संस्था देहायबमोजिमको योग्यता भएको हुनुपर्नेछः

८.१ संस्थागत योग्यता

१. शैक्षिक सामग्री विकास तथा पाठ्यपुस्तक लेखन सम्बन्धी अनुभव भएको।
२. स्थानीय पाठ्यक्रम तथा विद्यालय तहको पाठ्यसामग्री विकास सम्बन्धी अनुभव भएको।
३. प्रचलित कानूनबमोजिम दर्ता भएको संस्था/फर्म हुनुपर्ने।
४. कम्तीमा दुई वटा स्थानीय तहमा पाठ्यपुस्तक निर्माण गरेको अनुभव अनिवार्य हुने।

८.२ विज्ञ टोलीको योग्यता

१. शिक्षा शास्त्रमा कम्तीमा स्नातक उत्तीर्ण गरेको वा अन्य संकायमा स्नातक उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिनाको तालिम वा एक वर्षे बि.एड. उत्तीर्ण गरेको हुनुपर्ने।
२. पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण सम्बन्धी कार्यमा अनुभव भएको हुनुपर्ने।
३. विद्यालय तहका शैक्षिक सामग्री विकास सम्बन्धी अनुभवलाई प्राथमिकता दिइनेछ।

९. भुक्तानी व्यवस्था

भुक्तानी देहायबमोजिम गरिनेछः

१. सम्झौता सम्पन्न भई कार्य प्रारम्भ भएपछि — २०%
२. मस्यौदा प्रतिवेदन पेश भएपछि — ३०%
३. अन्तिम प्रतिवेदन तथा पाठ्यपुस्तक स्वीकृत भएपछि — ५०%

१०. अन्य व्यवस्था

१. तयार गरिएका सम्पूर्ण सामग्रीको बौद्धिक स्वामित्व गाउँपालिकामा निहित रहनेछ।
२. सेवा प्रदायकले गाउँपालिकाको पूर्वस्वीकृतिबिना उक्त सामग्री अन्यत्र प्रयोग गर्न पाउने छैन।
३. गाउँपालिकाले आवश्यक परिमार्जन तथा सुधारका लागि निर्देशन दिन सक्नेछ।
४. कार्य सम्पादन सन्तोषजनक नभएमा प्रचलित कानूनबमोजिम सम्झौता रद्द गर्न सकिनेछ।

११. समन्वय तथा सम्पर्क

यस कार्यको समन्वय शिक्षा शाखा, शिवालय गाउँपालिकाले गर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

शिवालय गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिमा, बाजुरा/कोट कर्णाली प्रदेश, नेपाल २०७३

CamScanner